मिति : २०७६/१/८ गते

प्रस्तावहरु

१. नगर सभा सम्बन्धमा ।
२. दलित विकास कोषको रकम विनियोजन सम्बन्धमा ।
३. नगर सभा तयारी समिति गठन सम्बन्धमा ।
४. अनुगमन समिति गठन सम्बन्धमा ।
५. नगर प्रमुखकको सचिवालय गठन सम्बन्धमा ।
६. रकम विनियोजन सम्बन्धमा ।
७. योजना संशोधन सम्बन्धमा

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा यस मध्यनेपाल नगरपालिकाको मिति २०७५/१२/२५ गतेको नगर कार्यपालिकाको बैठकबाट पास भई मिति २०७६ साल बैशाख ९ गते गर्ने भनिएको नगर सभा विशेष कारण बस हाललाई स्थगन गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा नगर सभाबाट विनियोजित दलित विकास कोष कार्यक्रमको रकम रु १० लाख वितरणका लागि न.पा.बाट प्रकाशित सूचना अनुसार प्रस्ताव पेश भएका देहाय बमोजिमका व्यक्ति तथा संस्थालाई देहाय बमोजिम अनुदान रकम उपलब्ध गराउने निर्णय गरियो ।

- मन बहादुर रिमाल मध्यनेपाल न.पा. ९ - रु ४० हजार
- सक्रिय दलित बङ्गुर कुखुरापालन समुह मध्यनेपाल न.पा. ८ - रु ७० हजार
- मैनवत्ती निर्माण तालिम मध्यनेपाल न.पा. १० - रु ७० हजार
- आनन्द परियार तथा बुद्धि बहादुर परियारलाई सिलाई मेसीन खरिद मध्यनेपाल १ - रु ३० हजार
- वेलबोटे आमा समुह मध्यनेपाल न.पा. २ - ७० हजार
- सुनिल सुनार मध्यनेपाल ९ - ३० हजार
- लक्ष्मण परियार मध्यनेपाल ९ - ३० हजार
- विमल वि.क. मध्यनेपाल ५ - २० हजार
- सोम बहादुर सुनार मध्यनेपाल ९ - ३० हजार
- प्रगतिशिल एकता दलित समाज मध्यनेपाल न.पा. ६, लमजुङ - १ लाख

- ईशानेश्वर सार्की सेवा समाज मध्यनेपाल न.पा. ७, लमजुङ -४० हजार
- देउराली दलित समूह मध्यनेपाल ३, लमजुङ -४० हजार
- वडा नं ७ का दलित दिदी बहिनीहरुलाई तालिम संचालन - ८० हजार
- सिम्पानी बाजा समूह पोसाक खरिद मध्यनेपाल न.पा. ६, लमजुङ - ३० हजार
- कोट गाँउ दलित समूह नेटा मध्यनेपाल न.पा. १० - ७० हजार
- रामचन्द्र वि.क. मध्यनेपाल ५, लमजुङ - २५ हजार
- राजेश वि.क. मध्यनेपाल ४, लमजुङ - ३० हजार
- आइत बहादुर सार्की मध्यनेपाल २, लमजुङ - ३० हजार
- मुकुटे दलित समाज मध्यनेपाल ८, लमजुङ -४० हजार
- बिमला खाती मध्यनेपाल ९, लमजुङ - २५ हजार
- हरि बहादुर वि.क. मध्यनेपाल २, लमजुङ - २० हजार
- फतराम वि.क. र टेक बहादुर कामी मध्यनेपाल १ - २० हजार
- कुमारी सुनार मध्यनेपाल ४, लमजुङ -२० हजार
- अमृता परियार मध्यनेपाल ९, लमजुङ - २० हजार
- अमृत सुनार मध्यनेपाल ९, लमजुङ - २० हजार

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा यस मध्यनेपाल नगरपालिकाको नगर सभा तयारी गर्न निम्न बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक - श्री रामचन्द्र भण्डारी

सदस्य - श्री ओम विर गुरुङ

सदस्य - श्री सञ्जय पौडेल

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा नगर सभाबाट विनियोजित नगर प्रमुख कृषि आधुनिकिरण कार्यक्रमको अनुदान वितरण कार्यलाई व्यवस्थित गर्न निम्न बमोजिमको ५ सदस्यीय अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक - श्री वाल कुमार जोशी

सदस्य - श्री विष्णु  माया गिरी

सदस्य - श्री रामचन्द्र भण्डारी

सदस्य - श्री विष्णु भक्त पौडेल

सदस्य - कृषि तथा पशु सेवा शाखाको प्रतिनिधि १ जना

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिकामा नगर प्रमुखको सचिवालय गठन गरी कानुनी सल्लाहाकार, प्रेस सल्लाहाकार र अन्य सहयोगीहरुको व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा यस नगरपालिका भित्र निम्न बमोजिमका कार्यक्रमहरुलाई नगर प्रमुखको आकस्मिक कोषबाट व्यय भार हुने गरी निम्न बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

- भोर्लेटार-दुईपिप्ले बाटो सरसफाई कार्यक्रम — रु ५० हजार
- पाखीवोटे कुलो मध्यनेपाल न.पा. वडा नं ७, लमजुङ — रु ८० हजार
- श्री कल्याण मा.वि. खानेपानी मर्मत मध्यनेपाल न.पा. वडा नं ९, लमजुङ — रु ५० हजार

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा यस नगरपालिका भित्रका देहाय बमोजिमका कार्यक्रमहरु देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

क) यस मध्यनेपाल नगरपालिकाको वडा नं ३ स्थित बालबालिका क्षमता अभिवृद्धिलाई को लागि छुट्याइएको रकम रु ५० हजारको कार्यक्रमलाई संशोधन गरी महिला क्षमता अभिवृद्धि कायम गर्ने ।

ख) वडा नं ५ को क्र.सं.१४८ भुते मन्दिर  देखि पुरानो पानी टंकी सम्म जाने बाटो विस्तारको लागि विनियोजित रकम रु १ लाख लाई क्र.सं. १५० को वजिया खर्क देखि साउने पानी जाने मोटर बाटोमा कायम गर्ने ।

ग) वडा नं ५ को क्र.सं. १३७ मा रहेको खानेपानी साडे खोला तथा चितेपानी योजनालाई रु ५ लाख छुटाईएकोमा साडे खोला खानेपानी योजनालाई रु ३ लाख कायम गर्ने र चितेपानी पराजुलीबेशी खानेपानी योजनालाई रु २ लाख कायम गर्ने ।